संवत् २०८१ साल जेठ २२ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ०११/२०८०/२०८१

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १ | प्रशासन शाखा | आ.व. २०८०/०८१ को बजेट, नीति तथा कार्यक्रमको सम्पूर्ण विषयगत समिति, महाशाखा, शाखा र वडा कार्यालयहरुको २०८० चैत्र मसान्त सम्मको प्रगतीको समीक्षा। |
| २ | कृषि विकास शाखा | बागमती प्रदेश सरकार, कृषि विकास निर्देशनालयबाट माग भए बमोजिम समुदायमा आधारित ***एक वडा एक कृषि उत्पादन कार्यक्रम*** कार्यान्वयनका लागि वडा नम्बर ३ आलु उत्पादन पकेट क्षेत्र सिफारिस गर्ने। |
| ३ | प्रशासन शाखा | बागमती प्रदेश सरकारको निर्णयानुसार थाहा नगरपालिकाको लेटर प्याड तथा साईनबोर्ड मिति २०८१ साउन १ गते देखि प्रयोगमा ल्याउने। |
| ३.१ | प्रशासन महाशाखा | आ.व. २०८१/०८२ को लागि सम्पूर्ण विषयगत समितिहरुलाई आ-आफ्नो समितिको नीति, कार्यक्रम र बजेट २०८० जेठ मसान्त सम्म पेश गर्न पत्राचार गर्ने साथै थाहा नगरपालिकाको १६ औं नगरसभा स्व.रुपचन्द्र विष्टको स्मृती दिवसको दिन २०८० असार ७ गते सञ्चालन गर्ने र उक्त दिन थाहा नगरपालिका भरी सार्वजनिक विदा दिने। |
| ३.२ | आर्थिक प्रशासन/योजना शाखा | मिति २०८१/०१/२५ गते आएको ठुलो वर्षाको कारण आग्रा खोलामा आएको भिषण बाढीले मुख्य बाटो पुर्ण रुपमा क्षतिग्रस्त भएकोले कुनै पनि सवारी साधनहरु संचालन हुन नसकिरहेकोले उक्त बाटो मर्मत संभार गरी बाटो सुचारु गरिदिनको लागि धर्तिमाता बिल्डर्स प्रा.लि.ले निवेदन पेश गरेकोमा उक्त बाटो मर्मत गर्नको लागि रु.३,००,०००/- बजेट विनियोजन गर्ने। |
| ३.३ | महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरण शाखा | अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम संचालन कार्यविधि २०८० अनुरुप कार्यक्रमको कुल बजेट मध्ये ६० प्रतिशत प्रदेश सरकारले र बाँकी ४० प्रतिशत स्थानीय तहले उपलब्ध गराउनुपर्ने प्रावधान रहेकोले उक्त ४० प्रतिशत रकम यस थाहा नगरपालिकाको महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र वितरण शाखाको अपाङ्ग लक्षित कार्यक्रम अन्तर्गत अपाङ्ग सहायक सामाग्री खरिद तथा वितरण शिर्षकमा रहेको रु.२,००,०००/- बजेटलाई उल्लेखित सि.वि.आर. कार्यक्रम संचालनार्थ समान उदेश्य प्राप्तीमा खर्च गर्ने। |
| ३.४ | योजना/आर्थिक प्रशासन शाखा | जिल्ला समन्वय समिति र थाहा नगरपालिका विच भएको सम्झौता बमोजिम ६०:४० को लागत साझेदारीमा तपसिल बमोजिमको योजनाहरु छनौट गरी पठाउने ।<br>**<u>तपसिल</u>**<br>१. थाहा नगरपालिका १ नं. वडा कार्यालयको तला थप।<br>२. ओखरबजार अधुरो खोपकेन्द्र निर्माण, थाहा-१।<br>३. मत्यनारायण माध्यमिक विद्यालयमा शौचालय निर्माण, थाहा-२। |
| ३.५ | आर्थिक प्रशासन/प्रशासन शाखा | थाहा नगर कार्यपालिकाको मिति २०७९/०८/२९ गतेको निर्णयबाट आग्रा खोला (खानी) मा सवारी प्रवेश शुल्क सम्बन्धमा सार्वजनिक र व्यक्तिगत जग्गा छुट्टाई वातावरणीय शुल्क बापत प्रति टिप रु.३००।- (तिन सय) लिने निर्णय गरिएकोमा उक्त संकलित रकमको ५० प्रतिशत सम्बन्धीत वडालाई खर्च गर्न दिने । |
| ३.६ | न्यायिक शाखा | "भवन निर्माण अनुमति तथा नक्सापास सम्बन्धी कार्यविधि, २०८०" मा तपसिलको दफा थप गरी पहिलो संशोधन गर्ने। |
| ३.७ | आर्थिक प्रशासन/प्रशासन | थाहा नगरपालिका प्रशासन शाखाको लागि आ.व. २०८०/०८१ मा *दर्ता चलानी सफ्टवेयर निर्माण* शिर्षकमा विनियोजित बजेट रु.३,००,०००/- सम्पूर्ण |

| | | |
|---|---|---|
| | शाखा | शाखाहरुमा *टेलिफोन मर्मत तथा जडान* शिर्षकमा परिवर्तन गर्ने । |
| ३.८ | आर्थिक प्रशासन/खानेपानी व्यवस्थापन बोर्ड | थाहा नगरपालिका वडा नम्बर ८ मा सञ्चालित दामगाडे खानेपानी तथा सरसफाई परियोजना (लिफ्टिङ) को पाइपलाईन विस्तार तथा ट्याङ्की निर्माण लगायतको सबै काम सम्पन्न भएको र परियोजना सञ्चालनका लागि मुहानसम्म विद्युत लाईन आवश्यक भएको हुँदा सो कार्यको नेपाल विद्युत प्राधिकरण समक्ष लागत इस्टिमेट माग गरिएकोमा प्राप्त लागत इस्टिमेट मध्ये थाहा नगरपालिकाबाट आ.व. २०८०/०८१ मा 'थाहा नगर खानेपानी व्यवस्थापन बोर्ड' शीर्षकमा विनियोजन भएको बजेट मध्येबाट रु.१५,००,०००/- (पन्ध्र लाख) बजेट उपलब्ध गराउने र नपुग बजेट खानेपानी परियोजना साँझेदार च्वाइस नेपालले बेहोर्ने सहमती गर्ने । |
| ३.९ | योजना/आर्थिक प्रशासन शाखा | थाहा नगरपालिका वडा नं. २ को फेदी खोलामा रहेको ग्राभेल पन्छाउने कार्यको लागि विविध शिर्षकबाट रु.७,००,०००/- विनियोजन गर्ने । |
| ३.१० | योजना महाशाखा/आर्थिक प्रशासन शाखा | थाहा नगरपालिका योजना महाशाखा र प्राविधिक शाखाको सिफारिस बमोजिम तपसिल बमोजिमका योजनाहरुको म्याद थप र **VO** स्वीकृत गर्ने निर्णय गरियो ।<br>तपसिल<br>• चिसापानी चौबास खा .पा.<br>• चौबास खा.पा.<br>• भुँङदल सडक<br>• औधोगिघग्राम निर्माण )॥)<br>• जनकल्याण मा.वि.<br>• चिसापानी चौबास खापा. |
| ३.११ | प्रशासन/आर्थिक प्रशासन शाखा | नेपाल सरकार संघीय ससर्त अनुदानमा संचालित सुरक्षित आप्रवासन (सामी) कार्यक्रमको लागि २० प्रतिशत समपुरक बजेट थप गर्ने । |

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्राणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

(हिरेन्द्र कुमार रायमाझी)
प्रवक्ता